नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ३५६

मिति:२०८२/०२/१६

नेपाल संवत् ११४५

विषय:- स्थानीय तहहरुको लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको जानकारी सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

महालेखापरीक्षनको कार्यालयको प.सं. २०८१/०८२, च.नं. ११६, मिति २०८२/०२/१३ को स्थानीय तहहरुको लेखापरिक्षण प्रतिवेदन जारी भएको सम्बन्धी पत्र संलग्न छ। सो सम्वन्धमा तहाँ गाउँपालिका तथा नगरपालिकाबाट माग भए बमोजिमको जवाफ तथा प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २१ (२) बमोजिम महालेखापरीक्षनको कार्यालयमा उपलब्ध गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दर्ता नं ८२१
मिति २०८२/०२/२०

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थ:-

श्री महालेखापरीक्षनको कार्यालय, अनामनगर, काठमाडौं।

श्री सूचना प्रविधि शाखा:-Website मा Upload गरिदिनुहुन।

श्री आर्थिक प्रशासन शाखा

२०८२/०२/२०

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल

Babarmahal / Anamnagar, Kathmandu, Nepal


पसं. २०८१-२०८२, | मिति २०८२/०२/१३

च.नं. ११६

श्री सचिवज्यू,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाडौं ।

विषयः स्थानीय तहहरुको लेखापरीक्षण प्रतिवेदन जारी भएको सम्वन्धमा ।

प्रस्तुत विषयमा नेपालको संविधान र लेखापरीक्षण ऐन,२०७५ को व्यवस्था बमोजिम सवै स्थानीय तहहरुको आर्थिक वर्ष २०८०/८१ (बक्यौता समेत) को स्थलगत लेखापरीक्षण सम्पन्न गरी सम्वन्धित स्थानीय तहलाई उपलव्ध गराईएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपर सम्वन्धित पालिकाहरुवाट कानूनमा तोकिएको समय (म्याद थप समेत) भित्र प्राप्त प्रतिक्रियाको आधारमा फर्स्यौट हुनसक्ने विषयहरु हटाई बाँकी रहेका वेरुजुका बेहोरा सहितको लेखापरीक्षण प्रतिवेदन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षण ऐन,२०७५ को दफा २० बमोजिम जारी गरि सकिएको जानकारी गराउन चाहन्छौं।

यसरी जारी भएका लेखापरीक्षण प्रतिवेदन सम्वन्धित स्थानीय तहले प्राप्त गरेको जानकारी पठाउन साथै उल्लिखित वेहोरा सम्वन्धमा सुधार गर्नुपर्ने विषय सुधार गरी सो सम्वन्धमा भए गरेका कार्यको जवाफ तथा प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २१ (२) बमोजिम यस कार्यालयमा पेश गर्न आवश्यक सहजीकरण गरिदिनु हुन अनुरोध छ।

(विन्दु विष्ट)

उप-महालेखापरीक्षक


**Phone: 01-5919161, 5919163, Post Box: 13328**

**Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np**